पाख्रीबास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पाख्रीबास, धनकुटा

कोशी प्रदेश, नेपाल

## शैक्षिक सत्र २०८२ को आधारभूत तह उत्तीर्ण (कक्षा ८) परीक्षा र कक्षा ५ को नगरस्तरीय परीक्षाको आवेदन फाराम भर्ने भराउनेसम्बन्धी सूचना

**सूचना प्रकाशित मिति: २०८२/१०/१४ गते**

यस पाख्रीबास नगरपालिकाको आधारभूत तह परीक्षा समितिको मिति २०८२/१०/१२ गतेको निर्णयानुसार शैक्षिक सत्र २०८२ को आधारभूत तह उत्तीर्ण (कक्षा ८) परीक्षा र कक्षा ५ को नगरस्तरीय परीक्षाको आवेदन फारम भर्ने भराउने कार्यका लागि सम्बन्धित सबै सामुदायिक तथा संस्थागत विद्यालय र विद्यार्थीको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। परीक्षा आवेदन फारम भर्दा तपसिल अनुसार गर्नु/गराउनुहुन समेत अनुरोध छ।

१. सर्वप्रथम http://emis.cehrd.gov.np मा गई आफ्नो विद्यालयको User name र Password राखि यस शैक्षिक सत्र २०८२ मा आधारभूत तह उत्तीर्ण (कक्षा ८) परीक्षा र कक्षा ५ को नगरस्तरीय परीक्षामा सहभागी हुने विद्यार्थीहरुको विवरण रुजु गरी नमिलेको भए निजको जन्मदर्ता प्रमाणपत्रका आधारमा अनलाइन विवरण अद्यावधिक गर्ने तथा परीक्षार्थीको पासपोर्ट साइजको फोटो अनिवार्य रुपमा अपलोड गर्नुपर्नेछ।

२. विद्यार्थी विवरण रुजु गरी सके पश्चात IEMIS को Manage Exam को Admit Card मा गई विद्यार्थीको नौ अङ्कको Symbol Number कायम गर्नुपर्ने छ। Symbol Number कायम गर्दा सुरुको विद्यार्थीको लागि दुई अंकको Exam Year (जस्तै: 82), दुई अंकको School Code (विद्यालयलाई गत वर्ष उपलब्ध गराए बमोजिमको कोड जस्तै: 01), दुई अंकको परीक्षार्थीको कक्षा (जस्तै: 05 वा 08) र तीन अंकको विद्यार्थीको वर्णानुक्रम अनुसारको रोल नं. (जस्तै: 001) हुनेगरी Symbol Number (जस्तै: 820105001) कायम गरी Generate Symbol No गरेर Save All Symbol Number गर्ने।

३. विद्यालयहरुले आधारभूत तह उत्तीर्ण (कक्षा ८) परीक्षा र कक्षा ५ को नगरस्तरीय परीक्षामा सहभागी हुने विद्यार्थीहरुको आवेदन फाराम मिति २०८२/१०/२९ गतेभित्र भरी भराई विद्यार्थीको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि १ (एक) प्रति, IEMIS मा भरेको तथ्यांकका आधारमा तयार भएको विद्यार्थीको आवेदन फाराम (Application Form) १ (एक) प्रति र प्रवेशपत्र (Admit Card) २ (दुई) प्रति प्रिन्ट गरी सम्बन्धित परीक्षार्थी, अभिभावक र प्रधानाध्यापकले प्रमाणित गरी मिति २०८२/११/०५ गते भित्र पाख्रीबास नगरपालिका, शिक्षा युवा तथा खेलकुद शाखामा पेस गर्नुपर्नेछ। साथै, परीक्षामा सहभागी हुने विद्यार्थीहरुको समष्टिगत विवरणसमेत आवेदन फारामसाथ पेस गर्नुपर्नेछ।

४. संस्थागत विद्यालयहरुले आ-आफ्ना विद्यालयबाट परीक्षामा सहभागी हुने विद्यार्थीहरुको लागि परीक्षा शुल्क वापत कक्षा ८ को हकमा प्रति विद्यार्थी रु. ५५० (पाँच सय पचास रुपैँया) र कक्षा ५ को हकमा प्रति विद्यार्थी रु. ५०० (पाँच सय रुपैँया) का दरले यस नगरपालिकाको NIC ASIA बैंकमा रहेको बैंक खातामा (ग १.१- आन्तरिक राजश्व खाता- पाख्रीबास नगरपालिका, खाता नं. :- ०८८२०५००२८४८३००२) रकम दाखिला गरेको सक्कल भौचर समेत आवेदन फाराममा संलग्न गर्नुपर्नेछ।

**नोटः** परीक्षा आवेदन फाराम पेस गरे पश्चात संशोधन गरेर ल्याइएको विद्यार्थीको जन्मदर्ता प्रमाणपत्रको विवरण अनुसार परीक्षार्थीको प्रमाणपत्र सच्याउन नसकिने भएकाले यदि कुनै विद्यार्थीको जन्मदर्ता प्रमाणप्रत्रमा विवरण (नाम, थर, जन्ममिति, वुवाआमाको नाम आदि) फरक परी प्रचलित कानून बमोजिम सच्याउनु पर्ने भए परीक्षाको आवेदन फाराम भर्नु अगावै विद्यालयले सो कार्य सम्पन्न गर्नुपर्नेछ।

२०८२/१०/१४

मनोज भट्टराई

शिक्षा शाखा प्रमुख